# देशको वर्तमान आर्थिक स्थिति

(आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनाको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

१. आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनामा विस्तृत मुद्राप्रदाय ३.० प्रतिशतले बढेको छ। गत वर्ष सो मुद्राप्रदाय ४.६ प्रतिशतले बिस्तार भएको थियो। समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्तिको वृद्धि उल्लेख्य रूपमा घटेको कारणले गर्दा विस्तृत मुद्राप्रदाय कम दरले बढेको हो । साथै, नेपाल राष्ट्र बैङ्कले सञ्चालन गर्ने खुलाबजार कारोवार मार्फत केही तरलता प्रशोचन भएकोले पनि मौद्रिक विस्तारमा कमी आएको हो ।

२. विस्तृत मुद्राप्रदायका अंशहरू, संकुचित मुद्राप्रदाय र आवधिक निक्षेप दुवैको वृद्धिमा समीक्षा अवधिमा कमी आएको छ। अघिल्लो वर्ष २.९ प्रतिशतले बढेको संकुचित मुद्राप्रदाय समीक्षा अवधिमा ०.६ प्रतिशतले मात्र बढ्यो। त्यस्तै, आवधिक निक्षेप अघिल्लो वर्ष ५.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.२ प्रतिशतले बढ्यो। गत वर्षको यसै अवधिको तुलनामा कुल आन्तरिक कर्जाको वृद्धिदर कम भएकोले संकुचित मुद्रा प्रदायको वृद्धिदरमा कमी भएको हो ।

३. मौद्रिक विस्तारको प्रमुख स्रोतको रूपमा रहेको खुद वैदेशिक सम्पत्ति (विनिमय मूल्याङ्कन नाफा-नोक्सान समायोजित) गत वर्ष ४.० प्रतिशत (रू ४ अर्ब ३५ करोड) ले बढेकोमा समीक्षा अवधिमा ०.१ प्रतिशत (रू ८ करोड ) ले मात्र बढ्यो। निर्यातको वृद्धि ऋृणात्मक रहेको र नेपाल आयल निगमले भारतीय आयल निगमलाई भुक्तानी गर्ने रकम अघिल्लो वर्षभन्दा बढेकोले खुद वैदेशिक सम्पत्ति न्यून दरले बढेको हो ।

४. कुल आन्तरिक कर्जा अघिल्लो वर्ष ३.५ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २.५ प्रतिशतले विस्तार भयो। राजश्वमा उल्लेख्य वृद्धि भएकोले नेपाल सरकारमाथिको दाबी घटेको र निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर पनि कम भएको कारणले गर्दा आन्तरिक कर्जाको वृद्धि कम रहेको हो।

५. कर्जा योगाङ्कहरूमध्ये नेपाल सरकारमाथि मौद्रिक क्षेत्रको खुद दावी समीक्षा अवधिमा ४.३ प्रतिशतले घट्यो। समीक्षा अवधिमा नेपाल सरकारको खर्चको तुलनामा राजश्वको वृद्धि उल्लेख्य रहेको कारणले गर्दा उक्त दावी घट्न गएको हो ।

६. गैर-वित्तीय सरकारी संस्थानमाथिको दावी अघिल्लो वर्ष १२.४ प्रतिशतले घटेको विपरीत समीक्षा अवधिमा १५.८ प्रतिशतले बढ्यो। समीक्षा अवधिमा नेपाल खाद्य संस्थान, जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल आयल निगम, जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड, नेशनल ट्रेडिङ्ग लिमिटेड र नेपाल टेलिकमले बैकिङ्ग क्षेत्रबाट कर्जा उपयोग गरेकोले उक्त दावी बढेको हो। वित्तीय संस्थाहरूमाथि पनि वाणिज्य बैंकहरूले अल्पकालीन कर्जा बढाएका छन् ।

७. आन्तरिक कर्जाको मुख्य अंश निजी क्षेत्रतर्फको कर्जा विस्तार समीक्षा अवधिमा न्यून रह्यो। गत वर्ष सो कर्जा ५.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.१ प्रतिशतले मात्र बढ्यो। समीक्षा अवधिमा नेपाल बैंक लिमिटेड्ले उठाउन बाँकि कर्जामध्ये रू. ८२ करोड साँवा र रू. २ अर्ब व्याज अपलेखन गरेको कारणले गर्दा पनि निजी क्षेत्रतर्फ कर्जाप्रवाहमा शिथिलता आएको देखिएको हो ।

### मुद्रा बजार

८. २०६३ कार्तिक मसान्तमा वाणिज्य बैकहरूको तरल कोष रू ६३ अर्ब ५१ करोड रह्यो जव कि अघिल्लो वर्षको सोही अवधिमा रू ५२ अर्ब ६४ करोड रहेको थियो। फलस्वरूप, वाणिज्य बैंकहरूको तरल कोषको कुल निक्षेपसँगको अनुपात २०६२ कार्तिक मसान्तको २०.३ प्रतिशतबाट यस वर्षको कार्तिक मसान्तमा २१.१ प्रतिशत पुग्यो। तरल कोषका अंशहरूमध्ये पचास प्रतिशत भन्दा बढी (५२.२ प्रतिशत) हिस्सा वैदेशिक मुद्रामा रहेको छ ।

९. वैदेशिक विनिमय हस्तक्षेपमार्फत अघिल्लो वर्ष रू १३ अर्ब ३२ करोड बराबरको खुद तरलता प्रवाह भएकोमा समीक्षा अवधिमा कुल रू २२ अर्ब २ करोड बराबरको तरलता प्रवाह भयो। एकातिर विप्रेषण आप्रवाह उच्च

रहेको र अर्कोतिर नेपाली मुद्राको अमेरिकी डलरसँग अधिमूल्यन हुने प्रवृत्ति देखिएकोले वाणिज्य बैंकहरूले आफूसँग रहेको वैदेशिक मुद्रालाई विदेशमा अल्पकालीन लगानी गर्नुको सट्टा नेपाल राष्ट्र बैंकलाई बिक्री गरेकोले विदेशी विनिमय हस्तक्षेपमार्फत तरलता बढी प्रवाह भएको हो ।

१०. गत वर्षको तुलनामा समीक्षा अवधिमा खुला बजार कारोवारबाट उच्च मात्रामा तरलताको प्रशोचन भयो । गत वर्ष सो कारोवारबाट कुल रू ३ अर्ब ४१ करोड बराबरको तरलता प्रशोचन भएकोमा समीक्षा अवधिमा कुल रू १५ अर्ब १ करोड बराबरको तरलता प्रशोचन भयो । खुला बजार कारोवारमा प्रयोग गरिएका उपकरणहरूमध्ये विक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलमार्फत गत वर्ष क्रमशः रू ३ अर्ब ७४ करोड र रू ५० करोड प्रशोचन तथा खरीद बोलकबोलबाट रू ८३ करोड प्रवाह भएकोमा समीक्षा अवधिमा बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलमार्फत क्रमशः रू ३ अर्ब २७ करोड र रू. ११ अर्ब ७४ करोड प्रशोचन गरियो ।

**तालिका नं. १: खुलाबजार कारोवार**
**(प्रथम चार महिनासम्ममा)**

रू अर्बमा

| | उपकरणहरू | २०६२/२०६३ | २०६३/६४ |
|---|---|---|---|
| **क** | **कुल तरलता प्रशोचन** | **४.२४** | **१५.०१** |
| १ | विक्री बोलकबोल | ३.७४ | ३.२७ |
| २ | रिभर्स रिपो बोलकबोल | ०.५० | ११.७४ |
| **ख** | **कुल तरलता प्रवाह** | **०.८३** | **०.०** |
| ३ | खरीद बोलकबोल | ०.८३ | ०.० |
| ४ | रिपो बोलकबोल | ०.० | ०.० |
| **ग** | **दोश्रो बजारमार्फत कुल तरलता प्रशोचन (क-ख)** | **३.४१** | **१५.०१** |

११. समीक्षा अवधिमा स्थायी तरलता सुविधाको उपयोग बढ्यो। समीक्षा अवधिमा वाणिज्य बैकहरूले यस सुविधाअन्तर्गत कुल रू ४ अर्ब ५ करोड बराबरको ऋण उपयोग गरे । गत वर्ष यस्तो सुविधाअन्तर्गत वाणिज्य बैकहरूले कुल रू १ अर्ब १७ करोड बराबरको ऋण उपयोग गरेका थिए। समीक्षा अवधिमा रू ६२ अर्ब ९६ करोड बराबरको अन्तर बैंक कारोवार भयो ।

**तालिका नं. २: स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार**
**(प्रथम चार महिनासम्ममा)**

रू. अर्बमा

| | २०६२/२०६३ | २०६३/६४ |
|---|---|---|
| स्थायी तरलता सुविधा | १.१७ | ४.०५ |
| अन्तर बैंक कारोवार | ६७.६१ | ६२.९६ |

### अल्पकालीन व्याजदर

१२. वाणिज्य बैंकहहरूसँग रहेको अधिक तरलताको कारणले अल्पकालीन व्याजदर गत वर्षको तुलनामा समीक्षा अवधिमा कम रह्यो । उदाहरणको लागि ९१-दिने भारित औसत ट्रेजरी विल्सको व्याजदर अघिल्लो वर्ष २.६९ प्रतिशत रहेकोमा समीक्षा अवधिमा २.११ प्रतिशत रह्यो । त्यस्तै, भारित औसत अन्तर बैंक व्याजदर पनि अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा न्यून रह्यो। अघिल्लो वर्ष सो व्याजदर २.३६ प्रतिशत रहेकोमा समीक्षा वर्षमा १.२० प्रतिशत रह्यो ।

## धितोपत्र बजार स्थिति

### प्राथमिक निष्कासन

१३. प्राथमिक निष्कासनतर्फ, आर्थिक वर्ष २०६३।६४ को प्रथम चार महिनामा नेपाल धितोपत्र बोर्डले दुईवटा वित्तीय संस्थालाई रू. १ करोड ५० लाख बराबरको साधारण शेयर र चारवटा वित्तीय संस्थालाई रू २४ करोड बराबरको अग्राधिकार शेयर निष्कासनको लागि स्वीकृति प्रदान गरेको छ ।

### दोस्रो बजार

१४. दोश्रो बजारतर्फ, वार्षिक बिन्दुगत आधारमा नेप्से सूचकाङ्क ४७.९६ प्रतिशतले बढेर २०६३ कार्त्तिक मसान्तमा ४४७.४३ बिन्दुमा पुगेको छ। विप्रेषण आप्रवाहमा निरन्तर विस्तार, देशको शान्ति सुरक्षामा आएको क्रमिक सुधार संगसंगै शेयर लगानीकर्ताहरूको मनोबलमा भएको वृद्धि, वैकल्पिक लगानीका अवसरहरूको अभावका साथै बैंक तथा वित्तीय संस्थाहरूद्वारा अघिल्लो आर्थिक वर्षका वित्तीय विवरणहरू सार्वजनिक गर्ने र लाभांस घोषणा गर्ने प्रवृत्ति बढेकोले समेत नेप्से सूचकाङ्कमा उल्लेख्य वृद्धि भएको हो।

१५. २०६३ कार्त्तिक मसान्तमा बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ६३.५ प्रतिशतले वृद्धि भई रू १ खर्ब १३ अर्ब ८१ करोड पुगेको छ। २०६३ कार्त्तिक मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १९.४ प्रतिशत रहेको छ। २०६२ कार्त्तिक मसान्तमा यस्तो अनुपात १३.० प्रतिशत रहेको थियो। सूचीकृत कम्पनीहरूको बजार पूँजीकरणमा वित्तीय संस्थाहरूको ८२.७ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ५.१ प्रतिशत, होटलहरूको २.१ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.७ प्रतिशत र अन्यको ९.५प्रतिशत अंश रहेको छ।

१६. नेपाल धितोपत्र विनिमय केन्द्रमा सूचीकृत कम्पनीहरूको संख्या २०६२ कार्त्तिक मसान्तमा १२५ रहेकोमा २०६३ कार्तिक मसान्तमा १३९ पुगेको छ। कुल सूचीकृत कम्पनीहरूमध्ये ९२ वटा  वित्तीय संस्था, २९ वटा उत्पादन र प्रशोधन गर्ने उद्योगहरू, ४ वटा होटल, ८ वटा व्यापारिक संस्थाहरू र ६ वटा  अन्य समूहका छन्।

१७. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजीको वार्षिक वृद्धि १७.५ प्रतिशत रही २०६३ कार्त्तिक  मसान्तमा रू २० अर्ब ५१ करोड पुगेको छ। केही नयाँ संस्थाहरू नेपाल धितोपत्र विनिमय केन्द्रमा सूचीकृत हुनुका साथै वित्तीय संस्थाहरूले साधारण शेयर तथा हकप्रद शेयर थप निष्कासन गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो।

१८. २०६३ कार्त्तिक मसान्तमा मासिक कारोवारको  बजार पूँजीकरणसंगको अनुपात (Turnover ratio) ०.६३ प्रतिशत पुगेको छ। यस्तो अनुपात २०६२ कार्त्तिक मसान्तमा ०.२५ प्रतिशत रहेको थियो।

१९. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने बाह्र महिनाको rolling standard deviation २०६२ कार्त्तिक मसान्तमा २२.७ रहेकोमा २०६३ कार्तिक मसान्तमा ४३.६ पुगेको छ।

## मुद्रास्फीति र ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

२०. आर्थिक वर्ष २०६३।६४ को प्रथम चार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.१ प्रतिशत रहेको छ। आ.व. २०६२।६३ को सोही अवधिमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.५ प्रतिशत रहेको थियो। अन्न तथा अन्नजन्य वस्तुहरूको मूल्य वृद्धि (५.१ प्रतिशत) तुलनात्मक रूपमा न्यून रहेकोले आ.व. २०६२।६३ को प्रथम चार महिनाको तुलनामा आ.व. २०६३।६४ को सोही अवधिमा मुद्रास्फीति कम रहेको हो।

२१. समीक्षा अवधिमा खाद्यान्न समूहमध्ये दाल (२१.१ प्रतिशत) फलफूल तथा तरकारी (१०.१ प्रतिशत) र मरमसला (२६.७ प्रतिशत) को मूल्यमा उल्लेख्य वृद्धि भएकोले आ.व. २०६३।६४ को प्रथम चार महिनाको उपभोक्ता मुद्रास्फीति ७.१ प्रतिशत रहेको हो।

२२. समीक्षा अवधिमा समूहगत रूपमा खाद्य तथा पेय पदार्थ एवं गैर खाद्य तथा सेवा समूहको सूचकाङ्क क्रमशः ७.० प्रतिशत र ७.१ प्रतिशतले बढेको छ। भौगोलिक आधारमा विश्लेषण गर्दा तराईमा ७.३ प्रतिशत तथा पहाड र काठमाडौं उपत्यकामा क्रमशः ७.२ प्रतिशत र ६.६ प्रतिशतका दरले वार्षिक विन्दुगत मूल्य वृद्धि भएको छ। अघिल्लो वर्षको यसै अवधिमा तराई, पहाड र काठमाण्डौं उपत्यकामा क्रमशः ९.५ प्रतिशत, ९.३ प्रतिशत र ६.५ प्रतिशतले मूल्य वृद्धि भएको थियो।

२३. २०६३ कार्तिकमा अन्तर्निहित (Core) मुद्रास्फीति ६.४ प्रतिशत रहेको छ। २०६२ कार्तिकमा अन्तर्निहित मुद्रास्फीति ४.४ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा मुद्रास्फीतिकारी अपेक्षाको कारण अन्तर्निहित मुद्रास्फीति उच्च रहन गएको हो

### थोक मुद्रास्फीति

२४. २०६३ कार्तिकमा वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति १०.३ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा थोक मुद्रास्फीति ११.३ प्रतिशत रहेको थियो। २०६२ फाल्गुणमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुनुका साथै खाद्यान्न, नगदेवाली, दलहन, मरमसला तथा निर्माण सामाग्रीहरूको मूल्यमा भएको उच्च वृद्धिले गर्दा थोक मुद्रास्फीति १०.३ प्रतिशत हुन गएको हो। समूहगत रूपमा विश्लेषण गर्दा २०६३ कार्तिकमा कृषिजन्य वस्तुको सूचकाङ्क सवैभन्दा बढी (१३.१ प्रतिशत) र आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क सवभन्दा कम (७.१ प्रतिशत) ले वृद्धि भएको छ भने स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ८.५ प्रतिशतले वृद्धि भएको छ।

### राष्ट्रिय तलब तथा ज्यालादर

२५. २०६३ कार्तिकमा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क (२०६१।६२=१००) वार्षिक विन्दुगत आधारमा ८.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्कमा ३.२ प्रतिशतले वृद्धि भएको थियो। नेपालीहरू वैदेशिक रोजगारमा आकर्षित भई मजदूरको आपूर्तिमा कमी आएको कारण मजदूरहरूको ज्यालादरमा वृद्धि र सरकारी सेवामा १०.० प्रतिशतले भत्ता थप गरिएबाट सो सूचकाङ्कमा यस्तो विस्तार आएको हो। समीक्षा अवधिमा ज्यालादर सूचकाङ्क र तलव सूचकाङ्कमा क्रमशः ९.४ प्रतिशत र ६.६ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष ज्यालादर सूचकाङ्क ४.४ प्रतिशतले बढेको थियो भने राष्ट्रिय तलव सूचकांकमा परिवर्तन भएको थिएन।

## सरकारी वित्त स्थिति

### सरकारी खर्च

२६. सरकारी वित्ततर्फ, नेपाल सरकारको नगद प्रवाहमा आधारित कुल सरकारी खर्च आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनासम्ममा ९.९ प्रतिशतले वृद्धि भई २०६३ कार्तिक मसान्तसम्ममा रू २५ अर्ब ६९ करोड पुगेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा कुल सरकारी खर्च १०.३ प्रतिशतले बढेको थियो। सरकारी प्रशासनिक खर्चको निरन्तरता एवं सरकारी कर्मचारीको भत्तामा वृद्धि भई चालु खर्चमा वृद्धि भएको भएतापनि विकास गतिविधिहरू प्रभावकारीरूपले अघि बढ्न नसकेको कारण पूँजीगत खर्चमा ह्रास आएकोले समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदर कम रहेको हो।

### सरकारी राजस्व

२७. आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनासम्ममा नेपाल सरकारको कुल राजस्व २०.३ प्रतिशतले वृद्धि भई २०६३ कार्तिक मसान्तसम्ममा रू २१ अर्ब ५२ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त राजस्व ६.९ प्रतिशतले बढेको थियो। विप्रेषण आप्रवाहमा भएको निरन्तर वृद्धिको फलस्वरूप उपभोक्ता खर्चमा विस्तार आएको कारण मूल्य अभिवृद्धि कर राजस्व तथा अन्तःशुल्क राजस्वमा भएको वृद्धि, आर्थिक वर्ष २०६३/६४को बजेट बक्तव्यमार्फत् भन्सारका दरहरूमा गरिएको समायोजनले भन्सार राजस्वमा भएको वृद्धि र आयकर राजस्वमा समेत वृद्धि भएको कारण समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो।

२८. आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनासम्ममा नेपाल सरकारको कुल वैदेशिक अनुदान ९७.९ प्रतिशतले बढी रू ३ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष वैदेशिक ऋण अनुदान ४३.४ प्रतिशतले घटेको थियो। वैदेशिक ऋण भने अघिल्लो आर्थिक वर्षको १८.५ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा २२.८ प्रतिशतले घटेको छ।

### बजेटघाटा/ बचत

२९. राजस्व परिचालन एबं वैदेशिक अनुदानमा भएको उल्लेखनीय वृद्धि एबं सरकारको गैरबजेटरी आय प्राप्तिमा भएको विस्तारको फलस्वरूप नेपाल सरकारको बजेट अघिल्लो वर्ष रू ३ अर्ब १८ करोडले घाटामा रहेको विपरीत समीक्षा अवधिमा रू १ अर्ब ७६ करोडले बचतमा रहेको छ।

## वैदेशिक व्यापार

३०. आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनामा कुल निर्यात ०.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात १४.५ प्रतिशतले बढेको थियो। कुल निर्यातमा भारततर्फको निर्यात गत वर्ष २९.४ प्रतिशतको उल्लेख्य दरले बढेकोमा समीक्षा अवधिमा १.१ प्रतिशतले ह्रास भएको छ। भारतद्वारा नेपालको निर्यातमा लगाइएको ४ प्रतिशत अतिरिक्त भन्सार कर केही वस्तुहरूमा अझै यथावत रहनु पनि त्यसतर्फको निर्यातमा कमी आउनुको एक कारण हो। अन्य मुलुकतर्फको निर्यात भने गत वर्ष ८.४ प्रतिशतले ह्रास भएकोमा यस वर्ष १.९ प्रतिशतले वृद्धि भएको छ।

३१. भारततर्फ मुख्यतया पोलिस्टर धागो, प्लाष्टिकका भाँडाकुँडा, गाईवस्तुका दाना, तामाको तार तथा डण्डी, जी.आई. पाइप, पश्मिना र रसायनको निर्यातमा उल्लेख्य कमी आएको कारण त्यसतर्फको निर्यात घटेको हो भने विशेषगरी ऊनी गलैंचा, दाल, नेपाली कागज तथा कागजका सामान, चिया र छालाको निर्यातमा वृद्धि आएको कारण अन्य मुलुकतर्फको निर्यात बढेको हो।

**तालिका ३ : भारततर्फको निर्यातमा ह्रास आएका केही वस्तुहरू**
**(प्रथम चार महिना)**

(रू. करोडमा)

| | २०६२/६३ | २०६३/६४ | ह्रास |
|---|---|---|---|
| पोलिस्टर धागो | १०६.० | ६३.६ | -४२.४ |
| प्लाष्टिकका भाँडाकुँडा | ४४.८ | ११.८ | -३३.० |
| गाइवस्तुका दाना | १८.६ | ४.१ | -१४.५ |
| तामाको तार तथा डण्डी | १३.५ | १.८ | -११.७ |
| जी.आई. पाइप | २०.३ | ९.१ | -११.२ |
| पश्मिना | ११.८ | १.४ | -१०.४ |
| रसायन | ४३.२ | ३३.२ | -१०.० |
| चाउचाउ | १५.९ | ७.८ | -८.१ |
| जुटका सामान | ८५.० | ७७.८ | -७.३ |
| तार | ५६.८ | ५२.२ | -४.७ |
| **जम्मा** | **४१५.९** | **२६२.७** | **-१५३.२** |

३२. आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनामा कुल आयात ९.९ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा कुल आयात २१.१ प्रतिशतले वृद्धि भएको थियो। कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ३३.८ प्रतिशतले बढेकोमा यस वर्ष ७.८ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात गत वर्ष ४.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १३.४ प्रतिशतले बढेको छ।

३३. आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनामा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, धागो, हट रोल्ड शीट इन्क्वाइल र अन्य मेशिनेरी तथा पूर्जा एवं अन्य मुलुकबाट विशेषगरी कच्चा पाम तेल, कम्प्यूटर पार्टस्, रासायनिक मल, तामाको तार तथा डण्डी र कपडाको आयात वृद्धि भएको छ।

## शोधनान्तर

३४. आर्थिक वर्ष २०६३/६४ को प्रथम चार महिनामा रू. ८ करोड शोधनान्तर बचत भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू. ४ अर्ब ३५ करोड शोधनान्तर बचत भएको थियो। निजी क्षेत्रको विप्रेषण आय वृद्धि भएतापनि बढ्दो व्यापार घाटा एवं खुद सेवा आय घटेको कारण समीक्षा अवधिमा शोधनान्तर बचतमा कमी आएको हो।

३५. समीक्षा अवधिमा चालु खाता अन्तर्गत पर्यटन आय ४.९ प्रतिशतले बढी रू.२ अर्ब ९० करोड पुगेको छ भने विप्रेषण आय १७.० प्रतिशतले वृद्धि भई रू.३१ अर्ब ६७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पर्यटन आय २५.५ प्रतिशतले ह्रास भएको थियो भने विप्रेषण आय ३०.३ प्रतिशतले वृद्धि भएको थियो ।

३६. वित्तीय खाता अन्तर्गत, समीक्षा अवधिमा रू. १ अर्ब ५२ करोड बराबर सरकारी ऋण आप्रवाह भएको छ भने रू २ अर्ब ६१ करोड साँवा भुक्तानी भएको छ ।

## विदेशी विनिमय संचिति

३७. २०६३ आषाढ मसान्तको तुलनामा २०६३ कार्तिक मसान्तमा कुल विदेशी विनिमय संचिति ०.४ प्रतिशतले ह्रास भई रू. १ खर्ब ६४ अर्ब ४५ करोडमा झरेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो संचिति ७.२ प्रतिशतले वृद्धि भएको थियो। अमेरिकी डलरसंग नेपाली रूपैयाँ केही अधिमूल्यित भएको कारण नेपाली रूपैयाँमा हिसाब गर्दा कुल विदेशी विनिमय संचितिमा केही ह्रास देखिए तापनि अमेरिकी डलरमा भने २.१ प्रतिशतले वृद्धि भई २०६३ कार्तिक मसान्तमा अमेरिकी डलर २ अर्ब २७ करोड पुगेको छ। गत वर्ष सोही अवधिमा उक्त संचिति ३.१ प्रतिशतले वृद्धि भएको थियो। कुल संचितिमा परिवर्त्य संचितिको अंश २०६२ कार्तिक मसान्तमा ९३.४ प्रतिशत रहेकोमा २०६३ कार्तिक मसान्तमा ९४.७ प्रतिशत रहेको छ भने अपरिवर्त्य संचितिको अंश ६.६ प्रतिशतबाट ५.३ प्रतिशतमा झरेको छ। आर्थिक वर्ष २०६३/६४ को पहिलो चार महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले १०.६ महिनाको वस्तु आयात र ८.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३८. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६२ कार्तिक मसान्तमा प्रति व्यारल अमेरिकी डलर ५४.०९ रहेकोमा २०६३ कार्तिक मसान्तमा ४.९ प्रतिशतले बढी प्रति व्यारल अमेरिकी डलर ५६.७२ पुगेको छ। सुनको मूल्य भने २०६२ कार्तिक मसान्तको तुलनामा २०६३ कार्तिक मसान्तमा ३३.४ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ४६८.२५ बाट अमेरिकी डलर ६२४.७५ पुगेको छ।

३९. २०६३ आषाढ मसान्तको तुलनामा २०६३ कार्तिक मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.४९ प्रतिशतले अधिमूल्यन भएको छ। गत वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ३.८१ प्रतिशतले न्यूनमूल्यन भएको थियो। २०६२ कार्तिक मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७३.१४ रहेको थियो भने २०६३ कार्तिक मसान्तमा उक्त विनिमय दर रू. ७२.३० रहेको छ।